# संवत् २०८० साल असोज १६ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु:

**बैठकका प्रस्तावहरू:**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।
२. मोटरबाटो मर्मत सम्बन्धमा।
३. समसामयिक विषय सम्बन्धमा।

निर्णयहरु:

१. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा:

क) आ.ब.०८०/८१ को लागि लुङ्ग्री गाउँपालिका रोजगार सेवा केन्द्र मार्फत रोजगार व्यवस्थापन सूचना प्रणालीमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम प्राथमिकिकरण गर्ने।

ख) आ.ब.०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट योजना कार्यन्वयनका लागि अग्रिम तयार पारिएको स्थानिय योजना बैंकलाई संशोधन तथा अध्यावधिक गरी नियमानुसार कार्यन्वयन गर्ने।

२. मोटरबाटो मर्मत सम्बन्धमा: लुङ्ग्री गाउँपालिकाको चालु आ.ब.०८०/८१ को बार्षिक बजेटको खर्च शिर्षक सडक तथा पूर्वाधार मर्मत सुधार/उपशिर्षक ३११५१मा रहेको रु. २० लाखबाट पालिका भित्र रहेका मोटरबाटो मर्मतका लागि उक्त बिनियोजित बजेटलाई ४ वटा योजनामा ब्रेकडाउन गरी प्राविधिक स्टिमेट अनुसार कोटेशन मार्फत मर्मत सम्भार गर्ने।

३. समसामयीक विषयका सम्बन्धमा:

(क) लुङ्ग्री गाउँपालिकाको चालु आ.ब.०८०/८१ को बार्षिक बजेटमा रहेको औषधी खरिद शशर्त अनुदान शिर्षकबाट रु ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ मात्र) को कोटेशन प्रकृयाबाट स्वास्थ्य संस्थाहरुका लागि आवस्यक पर्ने औषधी खरिद गर्ने।

(ख) लुङ्ग्री गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरुमा २४ घण्टे सेवाका लागि कार्यरत तपशिल बमोजिम ४ जना स्वास्थ्यकर्मीहरुको संघीय बजेट अपुग भएकोले पालिकाको श्रोतबाट मासिक रु ३२१२ रुपैयाँ (अक्षरेपी तिन हजार छ हजार दुइ सय बाह्र) थप गरेर चादपर्व खर्च सहित रु २६०००/- (अक्षरेपी छब्बिस हजार रुपैयाँ मात्र) मासिक तलव सुविधा बनाउने।

तपशिल

- श्री सिता खड्का, अनमी, पाङ स्वास्थ्य चौकी, वडा नं १
- श्री अनुराधा खड्का, अनमी, बडाचौर स्वास्थ्य चौकी, वडा नं ५
- श्री पिमा थापा, अनमी, सामुदायिक स्वास्थ्य इकाई, वडा नं १ पाङ
- श्री निरुता बिष्ट, अनमी, सामुदायिक स्वास्थ्य इकाई, वडा नं १ ऐपे

(ग) लुङ्ग्री गाउँपालिकामा गाउँपालिका अनुदानबाट विभिन्न स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाई मार्फत सञ्चालित बर्थिङ सेन्टरहरुमा कार्यरत तपशिल बमोजिमका स्वास्थ्यकर्मरीहरुलाई करार सम्झौतामा उल्लेख भएबमोजिमको पारिश्रमिक बाहेक मासिक हाजिरीको आधारमा दैनिक रु १५० का दरले प्रोत्साहन स्वरुप खाजा खर्च उपलब्ध गराउने।

लुङग्री गाउकार्यपालिकाको बैठक    मिति २०८०/०६/१६    बैठक संख्या: ४

(प्रमुख प्रशासकीय अधिकृत)    भरत कुमार थापा
गा.पा.अध्यक्ष

तपशिल:

- श्री सिता खड्का, अनमी, पाङ स्वास्थ्य चौकी, वडा नं १ पाङ।
- श्री अनुराधा खड्का, अनमी, बडाचौर स्वास्थ्य चौकी, वडा नं ५ किलाचौर।
- श्री पिमा थापा, अनमी, सामुदायिक स्वास्थ्य इकाई, वडा नं १ पाङ।
- श्री निरुता बिष्ट, अनमी, सामुदायिक स्वास्थ्य इकाई, वडा नं १ ऐपे।
- श्री पार्वती खड्का, अनमी, सिर्प स्वास्थ्य चौकी, वडा नं २ सिर्प।
- श्री प्रबेशिका खड्का, अनमी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, वडा नं ३, जुतुङखोला।
- श्री चमिला रोका मगर, अनमी, सामुदायिक स्वास्थ्य इकाई, वडा नं ५ गोठेखर्क।
- श्री इन्द्रा बिष्ट, अनमी, गुम्चाल स्वास्थ्य चौकी, वडा नं ६ गुम्चाल।
- श्री मिना कुमारी रोकामगर, हार्जङ स्वास्थ्य चौकी, वडा नं ७ हार्जङ।
- श्री लालु कुमारी पुनमगर, सामुदायिक स्वास्थ्य इकाई, वडा नं ७ छहरेखुड।

(घ) श्री काठमाण्डौं महानगरपालिकोले मिति २०८०/०६/०४ गतेका दिन एम्बुलेन्स माग गर्ने सम्बन्धि सार्वजनिक सूचना जारि गरे बमोजिम यस लुङ्ग्री गाउपालिका पहाडी जिल्लाको दुर्गम भुभागमा रहेको र भोगोलिक विकटताले छरिएर रहेको कारणले यस क्षेत्र भित्र रहेका जनतालाई आपतकालित तथा बिशेषज्ञ स्वास्थ्य सेवा लिनका लागि जिल्ला भन्दा बाहिर जानुपर्ने भएको हुँदा काठमाडौं महानगरपालिकामा तोकिए बमोजिमको विवरण सहित एम्बुलेन्स मागको लागि निवेदन पठाउने।

(ङ) लुङ्ग्री गाउँपालिकाको चालु आ.ब. २०८०/०८१ को बार्षिक बजेटमा रहेको भैपरी आउने चालु खर्च शिर्षकबाट जिल्ला क्रिकेट संघ रोल्पा शाखाको लागि रु १०,०००/-(अक्षरेपी दश हजार रुपैयाँ) मात्र भुक्तानी दिने।

(च) लुङ्ग्री गाउँपालिकाको चालु आ.ब. २०८०/०८१ को बार्षिक बजेटमा रहेको भैपरी आउने चालु खर्च शिर्षकबाट नेपाल राष्ट्रिय भुतपुर्व सैनिक सँघ रोल्पाको खेलकुद कार्यक्रमको लागि रु ५,०००/-(अक्षरेपी पाँच हजार रुपैयाँ) मात्र भुक्तानी दिने।

(छ) लुङ्ग्री गाउँपालिकाको चालु आ.ब. २०८०/०८१ को बार्षिक बजेटमा रहेको विविध खर्च शिर्षकबाट ए.बि.सी. इन्द्रेनी प्रा.लि.का टिमको लागि खर्च भएको खाना तथा खाजा खर्च रु ३५,०००/- (अक्षरेपी पैतिस हजार रुपैया मात्र) भुक्तानी दिने र ए.बि.सी. इन्द्रेनी प्रा.लि. द्वारा पेश भएको प्रस्तावित कार्यक्रमको लागि लुङ्ग्री गाउँपालिकाका विभिन्न वडाहरुमा छायाँकन भएका दृष्यहरु ए.बि.सी. टेलिभिजन मार्फत प्रशारण भए पश्चात मात्र भुक्तानी दिने।

(ज) निवेदक डोर बहादुर खड्का तथा लिखित जवाफ प्रस्तुतकर्ता रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिकाको कार्यालय समेतलाई विपक्षी बनाई अदालत तुल्सीपुर दाङमा गरेको निषेधाज्ञा मुद्दाको १५ दिने सूचना म्याद मिति २०८०/०६/१० गते तामेल भएकोले सो मुद्दामा यस कार्यालयको तर्फबाट लिखित जवाफ दर्ता गरी मुद्दा पूपर्क्ष गर्न यसै कार्यालयका प्रशासन शाखा प्रमुख श्री गणेश बहादुर बिष्ट क्षेत्रीलाई प्रतिनिधिको रुपमा पठाउने।

(झ) निवेदक वेगम बहादुर रोका तथा लिखित जवाफ प्रस्तुतकर्ता रोल्पा जिल्ला लुङ्ग्री गाउँपालिकाको कार्यालय समेतलाई विपक्षी बनाई अदालत तुल्सीपुर दाङमा गरेको निषेधाज्ञा मुद्दाको १५ दिने सूचना म्याद मिति २०८०/०६/१० गते तामेल भएकोले सो मुद्दामा यस कार्यालयको तर्फबाट लिखित जवाफ दर्ता गरी मुद्दा पूपर्क्ष गर्न यसै कार्यालयका प्रशासन शाखा प्रमुख श्री गणेश बहादुर बिष्ट क्षेत्रीलाई प्रतिनिधिको रुपमा पठाउने।

निर्णय प्रमाणित गरिएको छ।



(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार थापा
गा.पा.अध्यक्ष